WOREC

# सामाजिक परीक्षण प्रतिवेदन २०८२

# सामाजिक परीक्षण प्रतिवेदन २०८२

ओरेक

बालकुमारी, ललितपुर, नेपाल

मंसिर ४, २०८२

काठमाण्डौ

सामाजिक परीक्षण प्रतिवेदन २०८२

ओरेक नेपालको आ.व. २०८१/८२ को सामाजिक परीक्षण प्रतिवेदन

सामाजिक परीक्षक : मिन बहादुर बस्नेत

सर्वाधिकार © : ओरेक

प्रकाशन मिति: मंसिर २०८२

**प्रकाशक**

महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपाल

बालकुमारी, ललितपुर, नेपाल।

फोन : ९७७-०१-५१८६०७३, ५१८६३७४

इमेल : ics@worecnepal.org

ULR: www.worecnepal.org

# विषयसूची


खण्ड १: ओरेकको परिचय ........ 1

१.१ संस्थाको परिचय ........ 1

१.२ संस्थाको दुरदृष्टि र ध्येय ........ 2

१.३ संस्थाको पञ्चवर्षीय योजनाका रणनैतिक उद्देश्यहरू (२०२३ देखि २०२७) ........ 2

१.४ संस्थाको कार्यक्षेत्र ........ 3

१.५ संस्थागत रणणनीतिक मुद्धाहरु ........ 4

१.६ संस्थाको संरचनागत विवरण ........ 5

खण्ड २: सामाजिक परीक्षण परिचय, उद्देश्य र विधि ........ 7

२.१ पृष्ठभूमि ........ 7

२.२ सामाजिक परीक्षण ........ 7

२.३ सामाजिक परीक्षणको महत्व र उद्देश्यहरु ........ 8

२.४ सामाजिक परीक्षण विधि ........ 9

१. सामाजिक परीक्षण समन्वय समितिको गठन ........ 9

२. तथ्याङ्क सङ्कलन र प्रतिवेदन लेखन ........ 9

३. सार्वजनिक प्रस्तुति र सुझाव सङ्कलन ........ 10

२.५ सामाजिक परीक्षणका सीमाहरु ........ 11

खण्ड ३: सामाजिक परीक्षण नतिजा र प्रस्तुति ........ 12

३.१ वार्षिक सामाजिक परीक्षण कार्यक्रम ........ 12

३.२ संस्थाका कार्यक्रम कार्यान्वयनको अवस्था ........ 12

१. मानव अधिकार तथा सामाजिक न्याय विषयगत क्षेत्र ........ 12

२. पर्यावरणीय न्याय तथा महिलाको नेतृत्व विषयगत क्षेत्र ........ 14

३. गुणस्तरीय सेवा प्रवाह विषयक क्षेत्र ........ 15

४. सिकाई तथा ज्ञान व्यवस्थापन विषयगत क्षेत्र ........ 15

३.३ ओरेकले गठन गरेका समूह, सञ्जाल तथा सामुदायिक संस्थाहरु ........ 17

३.४ कार्यक्रमका मुख्य उपलब्धीहरु ........ 19

३.५ सरोकारवालाको दृष्टिमा ओरेक: अनलाइन छलफलबाट संकलित तथ्याङ्क ........ 24

३.६ सामाजिक परीक्षण प्रस्तुति कार्यक्रममा सरोकारवालाबाट व्यक्त धारणा तथा प्रतिकृयाहरु ..... 26
३.७ सामाजिक परीक्षण प्रस्तुति माथि व्यक्त सुझावहरु ..... 31
३.८ कार्यक्रमका समग्र उपलब्धीहरु ..... 31
१. अन्तर्राष्ट्रिय मानव अधिकारका संयन्त्रको कार्यन्वयनका लागि पैरवी ..... 31
२. लोकतन्त्र र महिला अधिकारका लागि नीतिगत दबाब ..... 32
३. नीतिगत पैरवी ..... 32
४. समुदाय सशक्तीकरण र स्थानीय तहमा नीतिगत प्रभाव ..... 32
६. सुरक्षित स्थल निर्माण ..... 32
७. संस्थागत सुशासन, ज्ञान व्यवस्थापन र दृश्यता ..... 32
८. प्रमाण–आधारित अनुसन्धान र पैरवी ..... 33
३.८ चुनौतीहरु ..... 33
३.९ आ.व. २०८१/८२ को आर्थिक तथा प्रशासनिक प्रतिवेदन ..... 34
वार्षिक आय व्यय ..... 35
३.१० कार्यक्रममा सिकाईहरु ..... 37
भर्चुअल माध्यमबाट सामाजिक परीक्षणको प्रस्तुति र सार्वजनिकरणका सिकाइहरू ..... 37
१. पहुँच र सहभागितामा सुधार ..... 37
२. सूचना संकलन विधिमा नवप्रयोग र दस्तावेजीकरण सहज ..... 37
३. लागत, समय र स्रोतको कुशलता ..... 37
४. पारदर्शिता र जवाफदेहितामा सकारात्मक अभ्यास ..... 37
५. चुनौती र सुधारका आधारमा विकास भएको सिकाइ ..... 38
निष्कर्ष ..... 39
३.११ सुझाव कार्यान्वयन कार्ययोजना ..... 39
सन्दर्भ सामाग्रीहरु ..... 39
अनुसूची खण्ड ..... 40

# खण्ड १: ओरेकको परिचय

## १.१ संस्थाको परिचय

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवं लैङ्गिक समानता र सामाजिक न्यायका निम्ति संघर्षरत गैर-नाफामूलक राष्ट्रिय गैरसरकारी संस्था हो । वि. सं. २०४७ चैत्र १९ मा स्थापित यस संस्थाको मुख्य लक्ष्य महिलाको 'श्रम, शरीर र पहिचानको अधिकार सुनिश्चितताका लागि सामाजिक रूपान्तरणको आधार तयार गर्ने रहेको छ भने महिलामाथि हुने विभेद अन्त्यका लागि महिलाको श्रमको मूल्याङ्कन र पहिचानको बहसलाई समुदायदेखि नीतिगत तहसम्मको मूलधारमा ल्याउने, दिगो विकास लक्ष्य २०३० को नं ३ (स्वास्थ्य) लक्ष्य नं ५ ( लैङ्गिक समानता) लक्ष्य नं १० (असमानता घटाउने) का सूचकांकहरूका बारे प्रतिबद्ध हुँदै नीतिगत व्यवस्थाका लागि पैरवी गर्ने, द्वन्द्व प्रभावित महिलालाई आफ्नो अधिकार सुनिश्चितताका लागि सङ्गठित हुन सहजीकरण गर्दै स्वः प्रतिनिधिमूलक नेतृत्वलाई जोड दिने र पैरवीको आधार तयार गर्ने र यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चितताका लागि यौन अधिकारको बहसलाई सरोकारवाला माझ मूलप्रवाहीकरण गर्ने यसका उद्देश्यहरु रहेका छन् ।

ओरेक महिलामाथि हुने हिंसा, यसका कारण र परिणामको रोकथाम र महिला किशोरी तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चितता तथा सामाजिक न्याय माथिको पहुँचको सुनिश्चितता तथा प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अभियानमूलक संस्था हो । मानव बेचविखन विरुद्ध महिलावादी र अधिकारमुखी सोचमा आधारित भई महिला तथा बालवालिका बेचविखनको अन्त्य गर्ने र प्रभावितको अधिकार तथा न्याय सुनिश्चताका लागि वकालत गर्ने उद्देश्यका साथ स्थापित यो संस्थाले महिला अधिकार हनन् मध्ये बेचबिखन एउटा परिणाम भएको निष्कर्ष निकाल्दै महिला अधिकारको मुद्दालाई फराकिलो नजरले हेर्न सुरु गरेको थियो । महिलाको आफ्नो शरीर आफ्नै हो भन्ने यथार्थतालाई आत्मसात गरी महिला अधिकार प्राप्तिका निमित्त महिलाको उत्पादनशीलता, यौनिकता र गतिशीलतामाथिको नियन्त्रणको महत्वबारे समुदायका महिलालाई सशक्तीकरण गर्न सहजीकरण गरिरहेको छ । पछिल्लो अवस्थामा यस संस्थाले आफ्ना अभियानहरुलाई विषयवस्तुहरुमा वर्गिकरण गरी मानव अधिकार तथा सामाजिक न्याय, पर्यावरणिय न्याय र महिलाको नेतृत्व, गुणस्तरीय सेवा तथा सिकाइ तथा ज्ञान व्यवस्थापन जस्ता विषयवस्तुहरुको निर्धारण गरी त्यस भित्रका विभिन्न उप-विषयवस्तुहरु समेत छनौट गरी महिला मानव अधिकार र सामाजिक न्यायका मुद्धालाई विशिष्टिकृत गर्दै अगाडि बढी रहेको छ ।

यस संस्थाले नेपालको महिलावादी आन्दोलनलाई सकारात्मक ढंगले अगाडि बढाउँदै महिला र बालिकाको अधिकार सुनिश्चितताका लागि राज्यलाई उत्तरादायी बनाउन र महिलामैत्री ऐन, नीति तथा कार्ययोजना निर्माणका लागि सबै तहका सरकारसँग समन्वय, सहकार्य र पैरवीमूलक गतिविधि गर्दै आइरहेको छ । समुदायमा आधारित महिला स्वास्थ्य तथा परामर्श केन्द्र, मनोविमर्श केन्द्र, सघन जैविक खेतीको अवधारणामा आधारित नमुना खेती, पर्यावरणमैत्री नमुना गाउँ, पछाडि पारिएको समुदाय तथा महिलाको समान प्रतिनिधित्व तथा राजनीतिक सहभागिताका लागि महिला तथा समुदायसंगको सहभागिता र साझेदारितामा कार्यक्रमहरू सञ्चालन गरेका उदाहरणहरु छन् ।

यस संस्थाले सन् २०२३ देखि महिला, बालिका तथा किशोरीमाथि हुने हिंसा र मानव अधिकार / महिला मानव अधिकार रक्षकहरूको प्रतिकार क्षमता अभिवृद्धि, कामको अधिकार र सामाजिक सुरक्षा, सङ्क्रमणकालीन न्याय,

न्यायका लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, मानवीय सङ्कटको अवस्थामा महिलाको आवाज र नेतृत्व सवलीकरण, जलवायु न्याय र दिगो जीविकोपार्जन, अन्तरपुस्ता रूपान्तरित नेतृत्व, मानवीय सङ्कटको अवस्थामा महिलाको आवाज र नेतृत्व सबलीकरण जस्ता सवालहरुलाई संस्थाका मुख्य विषयवस्तुका रूपमा अंगिकार गर्दै आफ्ना अभियानलाई समान उद्देश्य भएका सामुदायिक संस्था, किशोरी सन्जालहरुसंगको सहकार्यमा अगाडि बढाउदै गएको छ ।

संस्थाद्वारा महिला, किशोरी तथा बालबालिकालाई संस्थाले स्थापना कालदेखि प्रदान गर्दै आएको गुणस्तरीय सेवाहरु जस्तै सुरक्षा आवास, कानुनी परामर्श, कानुनी सहयोग, मनोविमर्श सेवा र हटलाईन सेवालाई निरन्तरता दिदै संस्थालाई महिलावादी स्रोत केन्द्रको रूपमा विकास गर्नका लागि संस्थामा तथ्याङ संकलन तथा विश्लेषणका कार्य त्यसको दस्तावेजीकरण तथा प्रकाशन साथै सामाजिक सञ्जालको परिचालनका गतिविधिहरुलाई विशेष व्यवस्थापन गर्दै अघि बढि रहेको छ ।

## १.२ संस्थाको दुरदृष्टि र ध्येय

**संस्थाको दूरदृष्टि :** महिलाबादी अभीष्ट प्राप्त भएको समाज ।
**संस्थाको ध्येय :** सामूहिक महिलावादी कार्यद्वारा महिलाको मानव अधिकारको सम्बर्द्धन र सबै प्रकारको संरचनागत विभेदको अन्त्य ।

## १.३ संस्थाको पञ्चवर्षीय योजनाका रणनैतिक उद्देश्यहरू (२०२३ देखि २०२७)

- शारीरिक अखण्डता, गतिशीलता, मर्यादित काम, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, जलवायू न्याय र महिला मानव अधिकार रक्षकहरुको आन्दोलनका लागि विभिन्न महिला र ट्रान्स अधिकार अभियन्ताहरूका आवाज विस्तार गर्ने ।
- ओरेकलाई सामाजिक आन्दोलनको समन्वय तथा ज्ञान निर्माणका लागि महिलावादी स्रोत केन्द्रको रूपमा
- विस्तार गर्ने ।
- द्वन्द्व तथा लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई न्यायको अधिकार दावी गर्नका लागि सशक्तिकरण प्रकृयामा सहयोग गर्ने ।
- महिलामाथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि १९८९, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभिसन्धि, विश्वव्यापी आवधिक समिक्षा र दिगो विकासको लक्ष्य नं. ३, ५, ८ ,१०, १३ र १६ मा राज्यले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न गराउन पैरवी गर्ने ।
- महिला मानव अधिकार रक्षक तथा महिला नेताका लागि अनुकुल वातावरण तयार गरी महिला आन्दोलन मजवुद बनाउने ।
- मानवीय संकटमा पर्यावरणीय न्याय तथा महिलाको नेतृत्वको लागि पैरवी गर्ने ।
- आत्म–निर्भरता, महिलावादी व्यवस्थापन र युवा नेतृत्वका लागि ओरेकको संस्थागत क्षमता सबलीकरण ।

## १.४ संस्थाको कार्यक्षेत्र

यस आर्थिक वर्षमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले विपद् प्रतिकार्यका कार्यक्रम नयाँ कार्यक्षेत्र सहित २८ जिल्लामा रहेर प्रत्यक्ष रुपमा अभियानमूलक गतिविधिहरु सञ्चालन गरेको छ। महिला मानव अधिकार रक्षकहरुसँगको समन्वयमा ७७ वटै जिल्लामा अभियानमूलक गतिविधिहरु सञ्चालन गरेको छ ।

यसको केन्द्रीय कार्यालय ललितपुर जिल्लाको बालकुमारीमा रहेको छ। संस्थाले आव २०८१/८२ मा देशका ६ वटा प्रदेशमा शाखा कार्यालय खोलेर कार्यक्रम सञ्चालन गरेको थियो।

**कोशी प्रदेश:** मोरङ, सुनसरी र उदयपुर,
**मधेश प्रदेश:** सिराहा, सप्तरी, धनुषा, महोत्तरी र सर्लाही, रौतहट, बारा, पर्सा
**बागमती प्रदेश:** काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक,
**लुम्बिनी प्रदेश:** दाङ, रुपन्देही, कपिलवस्तु,
**कर्णाली प्रदेश:** सुर्खेत, दैलेख, कालिकोट, रुकुम पश्चिम र डोल्पा
**सुदुरपश्चिम प्रदेश:** कैलाली, कञ्चनपुर, डोटी र बाजुरा




**नेपालको नक्शामा ओरेकको कार्यक्षेत्र**

## १.५ संस्थागत रणणनीतिक मुद्धाहरु






## १.६ संस्थाको संरचनागत विवरण

संस्थाको कार्यालय, संरचना र भौतिक सम्पति विवरण: ओरेक नेपालको केन्द्रीय कार्यालय बालकुमारी ललितपुरमा रहेको छ भने उदयपुरको राजावासमा संस्थाको आफ्नै भवन तथा भौतिक संरचना रहेको छ। कार्यक्रम सञ्चालन भएका जिल्लाहरुमा फिल्ड कार्यालयहरु खडा गरिएको छन्। यस संस्थाको केन्द्रीय कार्यालय र फिल्ड कार्यालयमा रहेको सम्पूर्ण चलअचल सम्पतिको विवरण हरेक वर्ष अध्यावधिक गर्ने गरिएको र सोको विवरण यस प्रतिवेदनको अनुसूचिमा समावेश गरिएको छ।


**संस्थापकहरु**


अध्यक्ष : डा. रेणु अधिकारी (राजभण्डारी)
**संस्थापक सदस्यहरु :**
डा. अरुणा उप्रेती
जीवन राई
डा. शशी राउत
डा. निर्मला सुवाल
बिन्दु बज्रचार्य
निरु शाक्य
**वर्तमान कार्यसमिति**
अध्यक्ष : सविता पोखरेल
उपाध्यक्ष: अम्बिका रुपाखेती
सचिव: संगिता अधिकारी
कोषाध्यक्ष: खुमा कुमारी मगर
सदस्यहरु:
इन्दिरा अधिकारी ज्ञावाली
सरियार चौधरी
विनिता पाण्डे
शिव कुमारी गुरुङ
सरस्वती नेपाली
सविना राई
रुपा श्रेष्ठ
**सल्लाहकार समितीका सदस्यहरु**
प्रा.डा.शशी राउत अधिकारी, डा. नेत्र तिम्सिना, श्री विन्दु पोखरेल गौतम, श्री गौरा नेपाली, श्री भूमिका श्रेष्ठ

## कर्मचारी विवरण

यस परीक्षण अवधिमा ओरेकमा आवद्ध कर्मचारीहरुको संख्या जम्मा ६५ जना रहेकोमा महिला ६० जना र पुरुष ५ जना छन् । कर्मचारीको विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ । कर्मचारीको जातिय वितरण तलको बारमा प्रस्तुत गरिए अनुसार छ ।

Staff members




जम्मा कर्मचारी = ६५ । महिला =६० पुरुष =५

# खण्ड २: सामाजिक परीक्षण परिचय, उद्देश्य र विधि

## २.१ पृष्ठभूमि

महिला पुनर्स्थापना केन्द्र (ओरेक नेपाल)ले वार्षिक सामाजिक परीक्षण कार्यक्रमलाई सार्वजनिक जवाफदेहिताको विधिका रुपमा नियमित प्रयोग गर्दै आएको छ । आफ्ना अभियान तथा कार्यक्रम र संस्थासँग सम्बन्धित विषयवस्तुहरूलाई सरोकारवाला र लक्षित समूह समक्ष प्रस्तुत गर्ने र आवश्यक सुझाव लिने उद्देश्यका साथ सामाजिक परीक्षण ४ मंसिर २०८२ मा सम्पन्न गरेको छ। आ.व. २०८१/८२ को एक वर्षभरी सम्पन्न गरिएका कार्यक्रमहरू तथा गतिविधिहरु, कार्यक्रमका उपलब्धिहरू र त्यसले समुदाय तथा नीतिगत पैरवीमा पारेको प्रभावको लेखाजोखा सरोकारवालाहरुले नै गर्ने गरी यो सामाजिक परीक्षण आयोजना गरिएको थियो। सामाजिक परीक्षण प्रस्तुति कार्यक्रमबाट प्राप्त भएका सुझावहरूलाई संस्थाले कार्ययोजनामार्फत कार्यान्वयन गर्ने गरेको छ। सामाजिक परीक्षणमा मुख्य रुपमा पाँच तहको प्रकृया अवलम्वन गरिएको छ। सामाजिक परीक्षणका लागि संस्थाले स्वतन्त्र परामर्शदातालाई जिम्मेवारी दिने गरेको छ। सामाजिक परीक्षणमा अवलम्वन गरिएको पाँच तहको प्रकृया निम्नानुसार रहेको छ।




## २.२ सामाजिक परीक्षण

**अवधारणा:** सामाजिक परीक्षण वा सामाजिक लेखाजोखा भन्नाले कुनै पनि सरकारी तथा गैरसरकारी संस्था तथा निकायले घोषित सामाजिक उद्देश्य हासिल गर्नका लागि कार्यान्वयन तथा संचालन गरेका आर्थिक तथा समाजिक क्रियाकलापहरुको निर्धारित लक्ष्य उद्देश्य वा योजना अनुरुप सामाजिक उत्तरदायित्व पुरा हुने गरी भए वा भएनन् भनेर

जाँच गर्ने एउटा सहभागितात्मक प्रकृया हो। यसले संस्थालाई सरोकारवाला र अधिकारवालाप्रति जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउन उत्प्रेरित गर्छ। यो प्रक्रियाले सरोकारवाला, लक्षित समुदाय, साझेदार निकाय र कार्यान्वयन संस्था बीच संवाद र अन्तक्रिया गर्न अवसर प्रदान गर्छ। साथै यसले सबै सरोकारवाला र लक्षित समुदाय बीच विश्वासको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्छ।

**कानूनी आधार**

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७, सामाजिक परीक्षण कार्यविधि २०७७ र सामाजिक जवाफदेहिता प्रवर्द्धन तथा अभ्यास सन्दर्भ-पुस्तिका २०८०, ले कुनै पनि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सार्वजनिक क्षेत्रमा गरिने कार्यक्रम तथा खर्चको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी समाज कल्याण परिषदबाट स्वीकृती लिएर सञ्चालन गरिएका हरेक कार्यक्रम तथा परियोजनाहरुको सामाजिक परीक्षण गर्नुपर्ने हुन्छ। कार्यविधि अनुसार कुनै पनि कार्यालयले सामाजिक परीक्षण कार्य तेस्रो पक्षबाट गराउनु पर्ने हुन्छ। तेस्रो पक्षको छनोट प्रचलित सार्वजनिक खरिद ऐन तथा संस्थाको नियम बमोजिम हुने र सामाजिक परीक्षकको कार्यविवरण र योग्यता पनि निर्धारण गरिएको छ।

**औचित्य**

सार्वजनिक तथा सामाजिक क्षेत्रबाट गरिने काम तथा खर्चको बारेमा सरोकारवालाहरु प्रति जवाफदेही, उत्तरदायी र पारदर्शी हुनु उक्त संस्थाको जिम्मेवारी भित्र पर्दछ। घोषित गरेका आर्थिक तथा सामाजिक क्रियाकलापहरु निर्धारित लक्ष्य, उद्देश्य वा योजना अनुरुप सम्पन्न भए भएन भनेर जाँच गर्न, सरोकारवालाहरुबाट आएका सुझाव तथा प्रतिक्रियालाई मनन् गर्दै भावी कार्य सम्पादनलाई प्रभावकारी बनाउने कार्यमा सामाजिक परीक्षणले सहयोग पुर्याउँदछ। राज्यले लिएका नीतिको पालना, जनविश्वास वा सरोकारवाला विच विश्वास बढ्ने, छविलाई जनमुखी बनाउन मद्दत पुग्ने, आमनागरिकबाट सुझाव, सहयोग र समर्थन प्राप्त हुने, भएको हुँदा कुनै पनि सामाजिक संस्थाको लागि सामाजिक परीक्षणको विशेष महत्व हुन्छ।

## २.३ सामाजिक परीक्षणको महत्व र उद्देश्यहरु

सामाजिक परीक्षण के हो? : योजना, नीति, कार्यक्रमको संचालन पश्चात त्यसले आर्थिक, सामाजिक विकासमा पारेको प्रभावको बारेमा गरिने अध्ययन र यसको सार्वजनिकीकरण हो। यो अध्ययन सरोकारवालाहरुका विचमा प्रस्तुत गरी उनीहरुको सुझाव तथा पृष्टपोषण पश्चात मात्र पूर्ण भएको मानिन्छ।

**सामाजिक परीक्षणणको महत्व**

ओरेक नेपालले आफ्नो संस्थागत पारदर्शिता, जवाफदेहिता र नियमनकारी निकायको प्रावधान तथा विधिको शासन प्रवर्ध्दन गर्न र आफ्ना कार्यक्रमलाई सम्बन्धित सरोकारवालाको दृष्टिकोणबाट मूल्याङ्कन गराई प्राप्त सल्लाह तथा सुझावको आधारमा संस्थाको कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न विगत तेह्र वर्षदेखि वार्षिकरुपमा सामाजिक परीक्षण तथा लेखाजोखा गर्दै आएको छ।

**सामाजिक लेखाजोखाको उद्देश्यहरु**

यो सामाजिक परीक्षणको मूख्य उद्देश्यहरु निम्न छन्।

- संस्थाले सामाजिक क्षेत्रमा घोषित गरेका आर्थिक तथा सामाजिक क्रियाकलापहरु निर्धारित लक्ष्य उद्देश्य वा योजना अनुरुप सामाजिक उत्तरदायित्व पुरा हुने गरि भए वा भएनन् भनेर जाँच गर्नु ।
- संस्थाको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गर्ने तथा अधिकारवाला र सरोकारवालाहरुका रचनात्मक सुझावका साथै सामाजिक लेखा परीक्षण गर्दा आफूले प्रत्यक्ष अनुभूति गरेका महत्वपूर्ण सुझावहरु प्रस्तुत गरी भावि कार्य सम्पादनलाई प्रभावकारी बनाउन मार्गदर्शन प्रदान गर्ने ।
- संस्थाले संचालन गरेका कार्यक्रम, सेवा र बजेटका सबै आवश्यक अभिलेखहरु अध्ययन, परीक्षण, विश्लेषण गरी प्रमाणिकताको जाँच गर्ने ।
- संस्थालाई सामाजिक उत्तरदायित्वप्रति सजक र उन्मूख गराउनुको साथै पारदर्शिता र छवीलाई जनमुखि बनाउन मद्दत पुऱ्याउने ।

## २.४ सामाजिक परीक्षण विधि

### १. सामाजिक परीक्षण समन्वय समितिको गठन

ओरेकले यस संस्थाको आ.व. २०८१/८२ को सामाजिक परीक्षण कार्यमा सहयोग तथा समन्वयको लागि एक समन्वय समितिको गठन गरेको छ । जुन यस प्रकार रहेको छ ।

| | |
|---|---|
| १. सुनिता मैनाली, कार्यकारी निर्देशक | संयोजक |
| २. सुलोचना खनाल, कार्यक्रम संयोजक | सदस्य |
| ३. शाश्वात पराजुली, प्रशासन तथा खरिद अधिकृत | सदस्य |
| ४. मिन बहादुर बस्नेत, सामाजिक परीक्षक | परामर्शदाता |

संस्थाबाट समन्वय परिषदमा रहनु भएका सदस्यहरुले संस्थाका दस्तावेजहरु तथा तथ्याङ्क उपलब्ध गराउने कार्य गर्नु भएको छ भने सुलोचना खनालले सरोकारवाला तथा लाभग्राहीहरुसँगको अन्तरवार्ताको लागि समन्वय गर्ने, प्रतिवेदनमा सुझाव दिने कार्यहरु गर्नु भएको छ ।

### २. तथ्याङ्क सङ्कलन र प्रतिवेदन लेखन

**दस्तावेजहरुको अध्ययन:** यो सामाजिक परीक्षणको लागि पूर्णत: सहभागीमूलक विधि अपनाइएको छ । परीक्षण सहजकर्ताले संस्था तथा कार्यक्रमका प्रतिवेदन र दस्तावेजहरुको सम्पूर्ण अध्ययन गरिएको थियो । आ.व. २०८१/८२ मा सम्पन्न भएका कार्यक्रमको दस्तावेजहरु अध्ययन, कार्यसम्पन्न प्रतिवेदन तथा वार्षिक लेखा परीक्षण प्रतिवेदन र प्रकाशनहरुको अध्ययन गरिएको थियो । संस्थाले गरेका गतिविधि कृयाकलाप Case study सम्बन्धि पत्रपत्रिकाबाट संकलित सूचनाहरुको अध्ययन गरिएको छ । संस्थागत भ्रमण गर्दा विभिन्न आगन्तुकहरुले संस्था सम्बन्धमा राखेका धारणा तथा संस्थाले कार्यगत शिलशिलामा प्राप्त गरेको प्रशंसा पत्रहरुको अभिलेखको अध्ययन गरिएको छ ।

**कार्यक्रम कार्यान्वयन जिल्ला तथा क्षेत्र भ्रमण:** सामाजिक परीक्षणको लागि सरोकारवालाहरुको धारणा, अनुभव सुझाव संकलनको लागि यस वर्ष पूर्णतह भर्चुअल विधि अपनाइएको थियो । सामाजिक परीक्षण सामान्यतया सरोकारवालासँग भौतिकरुपमा भेटघाट गरेर सूचना संकलन गर्ने र सरोकारवाला तथा लाभग्राही समुदायको भौतिक उपस्थितिमा प्रस्तुति गरेर सुझाव संकला गर्ने गरिन्छ । तर यसो गर्दा देशका छ वटा प्रदेशका २० वटा जिल्लाका विभिन्न

पालिकामा काम गरेको संस्थाले सबैको प्रतिनिधित्व गराउन सम्भव कमै हुने भएको हुँदा भर्चुअल विधिबाट धेरैभन्दा धेरैजना सरोकारवालाको सहभागिता गराउनको लागि यो विधि आपनाइएको हो। सम्भवत भर्चुअल विधिबाछ नेपालमा नै पहिलो पटक सामाजिक परीक्षण गिरएको पनि होला। सरोकारवालाहरुको धारणा, अनुभव, उनीहरुको मूल्याङ्कन तथा सुझावहरु संकलन गर्नको लागि पनि विभिन्न जिल्लाका प्रतिनिधिहरुसँग भर्चुअल नै छलफल तथा वार्ता गिरएको छ। ओरेकका शाखा कार्यालयका कर्मचारी तथा कार्यसमितिका सदस्यहरुसँग पनि भर्चुअल नै कुरा गरिएको हो। त्यस अवसरमा कार्यक्रम र संस्थासँग सम्बन्धित अधिकारवाला तथा सरोकारवालाहरुको राय सुझाव संकलन तथा उपलब्धी सम्बन्धी अध्ययन तथा सूचना संकलन गरिएको थियो।

**अनलाइन छलफल तथा अन्तरवार्ता :** अनलाइनको माध्ययमबाट अन्तर्क्रियात्मक छलफल तथा अन्तर्वार्ता गरिएको थियो भने सरोकारवालाहरुको भनाई जस्ताको तस्तै रुपमा प्रस्तुत गर्नको लागि सरोकारवाला कै भनाइलाई जस्ताको तस्तै प्रस्तुत गरिएको थियो। यसमा;

- सरोकारवाला तथा लाभान्वित समुदायसँग छलफल तथा अन्तरवार्ता, भर्चुअल मिटिङ् मार्फत = ८० जना लगभगसँग छलफल तथा वार्ता गरी सूचना लिइएको।
- ६ वटै प्रदेशका र २० जिल्लाबाट सहभागी भएको।
- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु- उपप्रमुख तथा उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य, कार्यपालिका सदस्य, स्थानीय तहका कानूनी सल्लाहकार,
- महिला समूह, युवा समूह, महिला मानव अधिकार रक्षक, वैदेशिक रोजगरीबाट फर्केका महिला, मनोसामाजिक परामर्श कर्ता, पत्रकार, इन्सेक तथा अन्य अधिकारवादी संस्थामा कार्यरत व्यक्ति,
- जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, सामुदायिक प्रहरी, OCMC, न्यायिक समिति, सामाजिक विकास तथा स्वास्थ्य शाखा
- सुरक्षा आवासमा रहेका प्रभावित व्यक्ति, सुरक्षावासका इन्चार्ज, कउन्सलर,
- ओरेक कार्यसमिति र कर्मचारी, लगायतबाट सूचना संकलन गरिएको छ।

### ३. सार्वजनिक प्रस्तुति र सुझाव सङ्कलन

यसरी तयार पारिएको सार्वजनिक परीक्षण प्रतिवेदन सरकारी तथा गैरसरकारी सरोकारवाला निकाय, सेवाग्राहीहरु, संस्थाका कार्यसमिति सदस्य, सदस्यहरु, कर्मचारी, ओरेकसँग आवद्ध संगठन तथा समूहहरु, संस्थाका जिल्ला स्तरीय संरचनाका प्रतिनिधिहरु लगायतको भर्चुअल उपस्थितिमा प्रस्तुति गरी तथा सार्वजनिक परीक्षण गरी गरिएको थियो। प्रस्तुती ओरेकको केन्द्रिय कार्यलयबाट गरिउको थियो। त्यस प्रस्तुति उपर विभिन्न सरोकारवाला तथा समुदायका लाभान्वित व्यक्तिहरुले सुझाव दिने तथा आफ्नो अनुभव सुनाउनु भएको थियो। कार्यक्रमबाट आएका सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयारी गरिएको छ भने कार्यसमितिको बैठकमा पेश गरी निर्णय अनुसार सुझाव कार्यान्वयनको कार्ययोजना तयार पारिने छ।

## २.५ सामाजिक परीक्षणका सीमाहरु

यो सामाजिक परीक्षण एक आर्थिक वर्षभरीमा संस्थाले कार्यान्वयन गरेका कार्यक्रम तथा खर्चको सामाजिक प्रभाव र उपलब्धीहरुको प्रस्तुति हो । विगत तीन दशकदेखि महिला अधिकारको क्षेत्रमा कार्यरत ओरेकले हासिल गरेका उपलब्धी र यसले महिलाको सामाजिक आर्थिक जीवनमा पारेको प्रभाव तथा नेपालमा लैंगिक हिंसा विरुद्ध तथा महिलाको मानव अधिकार, आर्थिक अधिकार तथा स्वास्थ्य र सुरक्षाको अधिकारको अभियानमा हासिल गरिएको उपलब्धी सारमा प्रस्तुत गर्दछ तर विस्तृतरुपमा बुझ्नको लागि यति छोटो अवधी र सीमा भित्र रहेर गरिएको परीक्षणबाट सम्भव नभएको जानकारी गराइन्छ । साथै ओरेकको अभियान तथा कार्यक्रममा यस आर्थिक वर्षमा ४० हजार जनामा पहुँच भएको छ तर सामाजिक परीक्षणको क्रममा सूचना संकलनको लागि २० वटा जिल्लाका ८० जना र प्रस्तुतिको बेलामा ७० जना सम्मको सहभागितामा कार्यक्रम गरिएको र उहाँहरुको विचार तथा धारणालाई प्रतिनिधिमूलक रुपमा समेटिएको हो भन्ने यस प्रतिवेदनलाई यही रुपमा बुझ्नु पर्ने हुन्छ ।

# खण्ड ३: सामाजिक परीक्षण नतिजा र प्रस्तुति

## ३.१ वार्षिक सामाजिक परीक्षण कार्यक्रम

यही मिति २०८२/०८/४ गतेका दिन ओरेक नेपालका कार्यसमितिका अध्यक्ष श्री सविता पोखरेलको अध्यक्षतामा संस्थाको वार्षिक सामाजिक परीक्षण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । ओरेकको केन्द्रिय कार्यालयबाट होस्ट गरिएको कार्यक्रममा समाज कल्याण परिषदका प्रतिनिधि, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा उपाध्यक्ष्य, विभिन्न संघ सस्थाका प्रतिनिधि, ओरेक नेपालद्वरा गठित समाजिक संस्था तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सरोकारवालाहरुको सुझाव तथा भनाईहरु सार्वजनिक कार्यक्रमको प्रस्तुतिको प्रतिवेदन यस प्रकार रहेको छ।

## ३.२ संस्थाका कार्यक्रम कार्यान्वयनको अवस्था

ओरेक नेपालले आ.व. २०८१/८२ को सामाजिक परीक्षण अवधिमा विविध कार्यक्रमहरु सञ्चालन गरेको छ यस मध्ये मुख्य कार्यक्रमहरु विषयगत क्षेत्र अनुसार यस प्रकार रहेका छन्।




### १. मानव अधिकार तथा सामाजिक न्याय विषयगत क्षेत्र

**मुख्य गतिविधिहरु**

- महिला, बालिका तथा किशोरी माथि हुने हिंसा, कारण र परिणाम विषयमा छलफल, अभिमुखिकरण, अभियान सञ्चालन

- शारीरिक अखण्डता, महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, कामको अधिकार र सामाजिक सुरक्षा, संक्रमणकालिन न्याय र शान्ति आदि विषयमा अभियान सञ्चालन तथा नीतिगत पैरवीका कार्यक्रम सम्पन्न
- कला, प्रतिरोध र रुपान्तरणः ओरेकको ३४ वर्षे संघर्षको कथा बोकेको वार्षिक उत्सव" सम्पन्न
- विश्वव्यापी आवधिक समिक्षा चौथो चरणको प्रतिवेदन तयारीका लागि प्रदेशस्तरीय परामर्श सम्पन्न
- बालविवाहका घटनामा जिल्ला अदालतबाट भएका फैसलाहरुको सम्बन्धमा गरिएको अनुसन्धानको नतिजा सार्वजनिक कार्यक्रम
- लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न
- आप्रवासी तथा आप्रवासनबाट फर्किएर आएका महिला श्रमिकहरुको सामाजिक आर्थिक पुनस्थापनाका सवाल तथा चुनौती विषयक नीति सम्वाद
- सुनिता दनुवार स्मिृति व्याख्यान श्रृखंला
- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक, आर्थिक पुनःएकीकरणमा हाम्रो भूमिका विषयक संवाद कार्यक्रम सम्पन्न
- "नेपालमा घरेलु श्रमिकको अवस्था र श्रम अधिकारको सुनिश्चितता" विषयक गोलमेच परामर्श कार्यशाला सम्मन्न
- लोकतन्त्र र महिला अधिकारका लागि दबाब अभियान
- ७ वटै प्रदेशमा प्रदेशस्तरीय लोकतन्त्र र महिला अधिकारका लागि दबाब वेवीनार सम्पन्न
- विद्यार्थी युवा नेताहरुसंग संवाद कार्यक्रम

अन्तराष्ट्रिय कार्यक्रममा ओरेक

- एसिया प्यासिफिक महिलावादी महिलामञ्च
- **CSW69/Beijing±30** (२०२५) मा ओरेकको सहभागिता
- Sexual violence research initiative (SVRI) फोरम २०२४

## दिवसीय कार्यक्रमहरु

- अन्तराष्ट्रिय महिला श्रमिक महिला दिवस (मार्च ८) सम्पन्न
- "डिजिटल स्पेस माथिको नियन्त्रणः बालिका तथा किशोरीहरुमा त्यसको प्रभाव" विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम
- ओरेकद्धारा महिला हिंसा विरुद्धको यथार्थता समेटिएको संस्थाको वर्ष पुस्तक अन्वेषी २०८१ को लोकार्पण
- शहिद महिला अधिकारकर्मीहरुको सम्झनामा दिप प्रज्वलन कार्यक्रम
- रिफ्लेक्ट विधि सम्बन्धी तालिम
- मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा सम्बन्धी आधारभूत तालिम सम्पन्नः
- महिला मानवअधिकार रक्षकहरुलाई २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न
- रुपान्तरित महिलावादी नेतृत्व विकास तालिम सम्बन्धी ३ दिने तालिम
- डिजिटल सुरक्षा र साइबर अपराध रोकथाम सम्बन्धी तालिम

- महिला हिंसा र सीप विकास विषयक २ दिने तालिम, लगायत धेरै गतिविधिहरु सम्पन्न भएका।

**छलफल तथा अन्तरक्रिया**

- लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि सम्बन्धी अन्तरक्रियाः
- महिला माथि हुने हिंसाको अवस्था र न्यूनीकरणका लागि सरोकारवालाहरुको भूमिका विषयमा पालिका स्तरीय अन्त्रक्रिया कार्यक्रम
- अभिमुखीकरण तथा आम–सचेतीकरण कार्यक्रम
- विद्यालय शिक्षा तथा बालबालिकाहरुलाई अभिमुखीकरण
- अभिमुखीकरण कार्यक्रम
- सामाजिक उत्तरदायित्व सम्बन्धी अभिमुखीकरण
- नागरिक सचेतना समुहसँग छलफल
- समन्वय तथा सहकार्य बैठक
- मधेश, सुदूरपश्चिम र कर्णाली प्रदेशमा परियोजनाका प्रारम्भिक बैठक सम्पन्न
- वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको अधिकार र पुनःस्थापनाका सवालमा नियमित बैठक सम्पन्न
- महिला मानव अधिकार रक्षक संजालको बैठक
- लैङ्गिकमैत्री बजेट विनियोजन, वडा तथा पालिकामा प्रस्तावना पेश गर्नको लागि समन्वय बैठक
- सुरक्षावास व्यवस्थापन समितिको बैठक
- उपप्रमुखहरुसँग बैठक तथा समन्वय
- लैङ्गिक हिंसा र मिलाप अध्ययनको बारेमा जानकारी
- यौन तथा प्रजनन् स्वास्थ्य मेला (SRHR Mela)
- मानवअधिकार संस्थाका प्रतिनिधिहरुसँगको कार्यशाला
- यौन तथा प्रजनन अधिकार तथा कृत्रिम गर्भधारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम
- यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको पैरवीका लागि महिलावादी सहभागितामुलक कार्यात्मक अनुसन्धान विषयक कार्यशाला
- महिलावादी सहभागितामूलक कार्यात्मक अनुसन्धानः यौन तथा प्रजनन् स्वास्थ्य सवालमा विशेष गरी निःसन्तानपनको समस्या सम्बोधनका सवाल तथा नीतिगत अवरोधहरु सम्बन्धी अनुसन्धान प्रतिवेदन सार्वजनिक कार्यक्रम
- एकीकृत महिला स्वास्थ्य शिविर÷मेला
- ओजस (मनको कुरा खोल्ने सुरक्षित स्थल) शुभारम्भ
- सामुदायिक स्वास्थ्य क्लिनीक सेवा, सेनेटरी प्याड वितरण तथा व्यवस्थापन प्रणाली सम्बन्धी अध्ययन

### २. पर्यावरणीय न्याय तथा महिलाको नेतृत्व विषयगत क्षेत्र

**स्नेह (मानवीय सहायताका लागि महिला संजाल सबलीकरण) विषयगत क्षेत्र अन्तर्गत सम्पन्न गतिविधिहरु**

- विपद् प्रतिकार्यमा स्नेह अभियान
- सेवा प्रदायकहरूको क्षमता अभिबृद्धिमा सहजीकरण
- सामुदायिक स्वास्थ्य क्लिनिक उदयपुर
- स्वास्थ्य नीति निर्माणका लागी स्थानिय तहसँग पैरवी
- अन्तराष्ट्रिय पैरवीका प्लाटफर्महरुमा ओरेक
- स्थानीय तहमा योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण
- स्रोत सङ्कलन रणनीति तथा प्रस्तावना लेखन तालिम
- रुपान्तरण सहजकर्ताहरुका तालिम
- अन्तरपुस्ता संबाद कार्यक्रम
- बिउँपुजी सहयोग
- १८ हप्ते कृषक पाठशाला संचालन
- महिला किसानहरुलाई कृषि औजार सहयोग


### ३. गुणस्तरीय सेवा प्रवाह विषयक क्षेत्र

- गुणस्तरीय सेवा प्रवाह अन्तर्गत सम्पन्न मुख्य गतिविधिहरु
- सुरक्षावास सेवा प्रदान, हटलाईन सेवा
- सुरक्षावास सेवा केन्द्र भवन निर्माण, सुरक्षावास सेवा केन्द्र संचालन व्यवस्थापन
- मनोविमर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन र मनोविमर्श केन्द्रबाट दिएका सेवाको समिक्षा र हस्तान्तरण कार्यक्रम
- सामुदायिक प्रतिक्रिया तथा गुनासो सुनुवाई संयन्त्रको स्थापना

### ४. सिकाई तथा ज्ञान व्यवस्थापन विषयगत क्षेत्र

- त्रैमाशिक पत्रिका "पैरवी" प्रकाशन
- महिला हिंसा सम्बन्धि तथ्याङ्क तथा घटना कथा संकलन
- महिला माथि हुने हिंसाका प्रेस विज्ञप्ति प्रकाशन
- ज्ञान निर्माण तथा उत्पादन
- संस्थाका नीति तथा निर्देशिका निर्माण तथा अध्यावधिक
- संस्थाद्धारा वार्षिकरुपमा प्रकाशन लगायतका विविध कार्यक्रमहरु सञ्चालन गरिएको ।

# तथ्याङ्कमा ओरेक


हाम्रो पहुँच
८४५
१०९९१
१८७५
१८४३
२५००
५७२
९०
२०००
३०००
१६३०
१८२
९७
१६८४
८३४
१४४
१५९५६
४४२४३
तालिम
अभिमुखिकरण
छलफल / अन्तरक्रिया / कार्यशाला
समन्वय तथा सहकार्य बैठक
दिवसीय कार्यक्रमहरु
अभियानमा संगसंग
नीतिगत पैरवी
महिलावादी महिला मञ्च
विश्व महिलावादी मञ्च
मनोविमर्श
कानूनी परामर्श र सहायता
हटलाईन सेवा
एकीकृत महिला स्वास्थ्य सिविर
सामुदायिक स्वास्थ्य क्लिनिक
सुरक्षा आवाश
विपद प्रतिकार्य मार्फत
जम्मा

## ३.३ ओरेकले गठन गरेका समूह, सञ्जाल तथा सामुदायिक संस्थाहरु


| ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिरहा | धनुषा | सुनसरी | काठमाण्डौं | दाङ | कैलाली | जजरकोट | रुकुम | महोत्तरी | सर्लाही | कपिलवस्तु | रुपन्देही | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास | १ | १ | | १ | १ | | | | | | | | | | ४ |
| मनोसामाजिक परामर्श कैन्द्र | ४ | ६ | | ३ | २ | | ३ | १ | | ४ | १ | ३ | १ | १ | २७ |
| समुदायमा आधारित संघसंस्था | | १० | | ३ | १ | | ७ | | | | | | | | २३ |
| महिला समूह | ३८ | ३० | | ३ | १४ | | ६४ | | | २५ | २ | २ | | | १७८ |
| कृषक समूह | | १८ | | ५ | | | ६ | १९ | | २६ | | ३ | | | ७७ |
| युवा महिला समूह | ४ | | | | | | | २८ | | | | ३ | | | ३५ |
| किशोरी किशोर समुह | | ६ | | ३ | | | | | | | २ | २ | | | १३ |
| किशोरी समुह | | | | | ७ | | ८ | ८ | | | | | | | २३ |
| युवा समुह | | ५ | | २ | २ | | | | | | १ | | | | १० |
| नमुना पर्यावरणीय गाउँ | | ७ | २ | १ | | | ३ | | | १ | १ | | | | १५ |
| किशोर किशोरी मैत्री विद्यालय | | | | १ | | | | | | | | १ | | | २ |
| सामुदायिक क्लिनिक | | १ | | | | | | | | | | | | | १ |
| भेट क्लिनिक | | १ | | | | | | | | | | | | | १ |
| तालिम केन्द्र | | १ | | | | | | | | | | | | | १ |
| युवा संजाल | १ | ५ | | ४ | २ | | २ | ७ | | | | ४ | | | २५ |
| महिला सहकारी | | | | १ | १ | | ३ | | | | १ | | | | ३ |
| नमुना फारम | | ५ | | | | | | | | २ | | २ | | | ९ |
| महिला स्वास्थ्य पैरवी संजाल | | | | | | | ३ | | | १ | | १ | | | ५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाल संजाल | | | | | | | | | | | ३ | १ | | | ४ |
| महिला अधिकार महासंघ | १ | | १ | | | | | | | | १० | | | | १२ |
| युवा समूह (पुरुष समुह) | ४ | | | | | | | | | | | | | | ४ |
| युवा महिला समूह | | | | | | | | २८ | | | | ३ | | | ३१ |
| फर्केर आएका आप्रवासी महिला श्रमिकहरुको संजाल | ६ | ४ | | | १ | | ५ | १ | | | | | | | १७ |
| महिला फेडरेसन | ११ | | | | | | | | | | | | | | ११ |
| महिला मानव अधिकार रक्षक सञ्जाल | ९ | ४ | १ | ४ | ४ | | ६ | ३ | | ३ | १ | १ | १ | १ | ३८ |
| श्रमीक महिला सञ्जाल | ६ | | | | | | | | | | | | | | ६ |
| महिलाले नेतृत्व गरेका संस्था | | | | | | | | ५ | | | | | | | ५ |
| सहज संजाल | | १ | | | | | ४ | ३ | | | | | | | ८ |
| अग्रणी संजाल | | ४ | १ | १ | | | | १ | | | | १ | | | ८ |
| TOTAL | ८५ | १०९ | ५ | ३२ | ३५ | | ११४ | १०४ | | ६२ | २२ | २७ | २ | २ | ५९० |

## ३.४ कार्यक्रमका मुख्य उपलब्धीहरु


ओरेक तीन दशकदेखि महिला अधिकार तथा सिमान्तकृत समुदायको सामाजिक न्यायको लागि अनवरत वकालत तथा अभियान गर्दै आएको छ। यसले सामाजिक विभेद, महिला तथा सिमान्तकृत समुदाय माथिको हिंसा तथा लोकतान्त्रिक समावेशी र हरेक नागरिकको स्वाभिमानपूर्ण जीवनयापनको लागि प्रगतिशील शासन र राज्य संयन्त्र निर्माण गर्ने दिशामा जबर्जस्त दबाब र प्रभाव पार्दै आएको छ। यस सामाजिक परीक्षणको अवधिमा संस्थाले सञ्चालन गरेका कार्यक्रमको सबै उपलब्धीहरु सूचीकृत गर्दा पनि धेरै हुने भएको हुँदा मुख्य मुख्य उपलब्धीहरुलाई तथ्याङ्कमा मात्र यहाँ प्रस्तुत गरिएको छ।

- **एकीकृत महिला स्वास्थ्य शिविर/मेला**





यस अवधिमा सामुदायिक स्वास्थ्य क्लिनीक मार्फत कुल २१० जना लाभान्वित भएका छन्, जसमा १२९ जना बालिका र ९० जना बालक रहेका छन्।


- **सुरक्षावास सेवा प्रदान**




- हटलाइन सेवा





- **महिला हिंसा सम्बन्धि तथ्यांक संकलन**





- आरेक कार्यरत क्षेत्र अन्तर्गत मोरङ्ग, सुनसरी, धनुषा, सर्लाही, कैलाली, दाङ्ग, उदयपुर र काठमाडां जिल्लामा मनोविमर्श केन्द्र सञ्चालन गरी यस अवधिमा लैङ्गिक हिंसा तथा विभिन्न कारण जस्तै विपद्, पढाई, जागीर इत्यादिले निद्रा नलाग्ने, टाउको दुःख्ने, छटपटी हुनु, डरत्रास हुनु, तनाव हुने, खाना खान मन नलाग्ने, एक्लोपनाको महसुस हुने जस्ता लक्षण भएका २२९० जनालाई मनोविमर्र्श सेवा प्रदान गरेको थियो ।
- विपद प्रतिकार्यमा स्नेह अभियान अन्तर्गत स्नेह केन्द्रबाट २०,२८६ जना विशेष आवश्यकता भएका महिला जस्तै गर्भवती, सुत्केरी महिला, किशोरी, हिंसा प्रभावित महिला, आर्थिक रुपले विपन्न महिला, अपाङ्गता भएका महिला तथा बालबालिका र किशोरीहरुका लागि अत्यावश्यक सेवा जस्तै मनोविमर्श सेवा, आवास तथा पोषणयुक्त खाना, डिग्निटी किट, प्राथमिक उपचार सेवा जस्ता सेवाहरु प्रदान गरिएको थियो ।


| **क्षेत्र** | **लाभान्वित संख्या** |
|---|---|
| जाजरकोट र रुकुम पश्चिम | ६,०८४ |
| सुनसरी | २,५४३ |
| सप्तरी | ३,६५७ |
| काभ्रे | ५,५११ |
| पश्चिम ललितपुर | २,४९१ |
| **कुल** | **२०,२८६** |





- पश्चिम ललितपुरमा बाढी प्रभावित महिलाहरूको लागि ओरेकले पश्चिम ललितपुरमा बाढी प्रभावित महिलाहरूका लागि एक महिने तात्कालिक राहत कार्यक्रम कार्यान्वयन गरी ४०० सेट न्यानो सामग्री, १०० सेट मर्यादित सामग्री, ७९ वटा स्लिपिङ्ग ब्याग र ७५ जना बाढी प्रभावित महिलाहरुलाई नगद सहयोग वितरण समावेश गरिएको ।
- बिऊपुँजी सहयोग




- तथ्याङ्कमा ओरेक




- तथ्यगत पैरवी
  - अन्बेशी प्रकाशन
  - नेपाली आप्रवासी महिला घरेलु श्रमिकहरुको मृत्यु सम्बन्धि अध्ययन
  - UNDERSTANDING INFERTILITY THROUGH SRHR:
  - A randomized controlled trial of a Multi-component family Intervention to Lower depression and Address intimate Partner violence (MILAP) among young women in Nepal
- गुणस्तरीय सेवामा पहुँच




| महिला हिंसाको प्रकार | संख्या |
|---|---|
| घरेलु हिंसा | ९२१ |
| सामाजिक हिंसा | ८३ |
| यौनजन्य हिंसा | २१८ |
| साइबर क्राइम | ६ |
| मानव बेचबिखन तथा प्रयास | ८ |
| हत्या तथा प्रयास | १० |
| आत्महत्या तथा प्रयास | ५ |
| अलपत्र | ८ |
| अन्य | २० |
| [illegible] | [illegible] |

Staff felicitation and well being – exposures, promotion








## ३.५ सरोकारवालाको दृष्टिमा ओरेक: अनलाइन छलफलबाट संकलित तथ्याङ्क

सामाजिक परीक्षणको क्रममा ओरेकले काम गरेका विभिन्न २० वटा जिल्लाका ८० जनाभन्दा बढीसँग भर्च्युअल माध्यमबाट छलफल तथा उनीहरुको अनुभव तथा सुझावहरु संकला गरिएको थियो। ६ वटै प्रदेशका र २० जिल्लाबाट सहभागी भएका थिए। जसमा;

- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु- उपप्रमुख तथा उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य, कार्यपालिका सदस्य, स्थानीय तहका कानूनी सल्लाहकार,
- महिला समूह, युवा समूह, महिला मानव अधिकार रक्षक, वैदेशिक रोजगरीबाट फर्केका महिला, मनोसामाजिक परामर्श कर्ता, पत्रकार, इन्सेक तथा अन्य अधिकारवादी संस्थामा कार्यरत व्यक्ति,
- जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, सामुदायिक प्रहरी, OCMC, न्यायिक समिति, सामाजिक विकास तथा स्वास्थ्य शाखा
- सुरक्षा आवासमा रहेका प्रभावित व्यक्ति, सुरक्षावासका इन्चार्ज, कउन्सलर,
- ओरेक कार्यसमिति र कर्मचारी।




**सरोकारवालाको दृष्टिबाट ओरेक कस्तो देखिन्छ उनीहरुको अनुभव तथा धारणा जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ ।**

प्रतिनिधिमूलक भनाईहरु (नतिजा):

- न्यायिक समितिले पनि पहिले ओरेकमा जानुस भन्छन् ।
- रुकुममा कार्यक्रम फेजआउट भए पछि त आफ्नो दु:ख व्यक्त गर्ने ठाउँ पनि भएन ।

- ओरेको सुरक्षा वासमा नआइपुगेको भए मलाई मारी सक्ने थिए।
- ओरेकले काम गरेको ठाउँमा हामी पनि काम गर्छौ, ओरेकले सङ्कलन गर्ने घटना धेरै हुने हाम्रो किन भएन भनेर हामीलाई संस्थाले प्रश्न गरिरहेका छन्।
- हिंसा तथा प्रभावितका घटना धेरै छन्।
- गाउँ गाउँमा कार्यक्रम कम भयो। कर्मचारी पनि कम भए।

- स्थानीय तहमा विपद व्यवस्थापन समितिहरुमा महिलाको सहभागिता र जिम्मेवार भूमिकामा वृद्धि भएको। महिला, बालबालिका तथा किशोरीहरुलाई केन्द्रमा राखेर प्रतिकार्य योजना बनाउने कार्यमा वृद्धि भएको।
- कैलालीमा महिला स्वास्थ्य शिविर अत्यन्त प्रभावकारी भएको। निरन्तरता दिनु पर्ने माग।
- आफैं सेफहाउसमा बसेको र केही समय पछि रुपान्तरित भई अहिले अग्रणी समूहको अध्यक्ष भएर अरुलाई पुनस्थापना गर्न लागेको।
- सेफहाउसले OCMC सँग राम्रो सम्बन्ध बनाउन सफल र सहयोगी वातावरण निर्माण भएको।
- गर्भवती भएको, बच्चा भयो र नाता कायम गराउन DNA परीक्षण गराउनु भन्ने अदालत आदेश दियो। पैसा नभएर DNA परीक्षण गर्न नसक्दा मुद्दा हारेको। यस्तो अवस्थामा नि:शूल्क DNA परीक्षणको व्यवस्था हुनु पर्ने।
- धेरै पालिकामा GESI Policy निर्माणमा ओरेकले सहयोग गरेको र अहिले धेरैमा कार्यान्वयन भएको।
- १०० भन्दा बढी पालिकामा पालिकाका जनप्रतिनिधिहरुसंग प्रत्यक्ष रुपमा भिभिन्न तालिम, कार्यशाला मार्फत समन्वय सहकार्य भइ समुदायमा महिलाअधिकारका मुद्दाहरु सघन रुपमा उठाइदै गरिएको। बालबालिका सिकाई केन्द्र, सूरक्षा आवास, परामर्श केन्द्र लगायतमा स्थानीयस सरकार, प्रदेश सरकारसँगको सहकार्य र साझेदारितामा वृद्धि भएको छ।

## ३.६ सामाजिक परीक्षण प्रस्तुति कार्यक्रममा सरोकारवालाबाट व्यक्त धारणा तथा प्रतिकृयाहरु

ओरेकले आव २०८१/८२ को सामाजिक परीक्षण पूर्णत: भर्च्युअल माध्यमबाट सम्पन्न गरेको छ। यसको लागि सरोबारवालाको धारणा तथा सूचना संकलन, छलफल, अन्तर्वार्ता र समूह छलफल तथा सरोकारवालाका बिच सार्वजनिक प्रस्तुति कार्यक्रम पनि भर्च्युअल विधिबाट नै सम्पन्न गरेको छ। यो एक नविन प्रयोग हो र अन्त्यमा प्रस्तुति कार्यक्रममा सहभागीहरुबाट यो विधिको फाइदा बेफाइदा तथा प्रभावकारिताको बारेमा पनि सामाजिक परीक्षकले सुझाव माग गरेका थिए। यस अवधिमा ओरेकका कार्यक्र कार्यान्वयनको अवस्था तथा समग्र परिणामको प्रस्तुति गरे पछि कार्यक्रमका सहभागीहरुले आ-आफ्नो धारणा तथा सझावहरु राख्नु भएको थियो। जसमध्ये प्रमुख सुझाव तथा धारणाहरु यहाँ प्रस्तुत गरिन्छ।

**इन्दु शर्मा, सहायक निर्देशक, समाज कल्याण परिषद**

- ओरेकको कार्यक्रम फेजआउट भएका जिल्लाका समुदायको भनाई, अव हाम्रो दु:ख पोख्ने ठाउँ पनि छैन भन्ने आयो, त्यसले देखाउँछ कि ओरेक समस्यामा परेका महिलाहरुको लागि कति सहयोगी भउको रहेछ भन्ने तर अब त्यस्ता कार्यक्रमको दिगोपनाको लागि आगामी दिनमा ओरेकले के योजना बनाएको छ? यस बारेमा स्थानीय सरकार, प्रदेश सरकार तथा अन्य संस्थासँग मिलेर वा अन्य विधिद्वारा समाधान गर्ने र कार्यक्रमले स्थानीयका मागलाई कसरी सम्बोधान गर्ने सोच लिनु भएकोछ? बताई दिनु होला र दिगोपनाको लागि कार्ययोजना बनाउनु पर्ने देखियो।
- तपाईहरुको परियोजना कार्यान्वयन तथा तथ्याङ्क व्यवस्थापनमा दोहोरोपना छ कि? सामाजिक परीक्षण कर्ताले बताए अनुसार त्यहि क्षत्रमा काम गर्ने अर्को संस्थाको भन्दा ओरेकको तथ्याङ्क बढी हुनुको कारण के हो? त्यसको बारेमा बताइदिनु होला र रस्थानीय सरकार र यो क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गरेर काम गर्दा प्रभावकारी होला। धन्यवाद।

**भगवती कुमारी चौधरी, उपाध्यक्ष, कैलारी गाउँपालिका, कलाली**

- ओरेकले काम गरेको ठाउँमा हाम्रो पालिकामा संगसंगै छौ। यसले स्वास्थ्य, शिक्षा लगायत हिंसा प्रभावितलाई लगायतमा काम गर्नु भएको छ। ओरेकबाट हाम्रो गाउँपालिकाले पनि धैरै कुरा सिकेर हिंसामा परेका महिलाहरुको लागि जे जसरी काम गरेको छ, हिंसा प्रभावितलाई लगायत महिला युवा सञ्जाल गठन र परिचालन गरेर प्रभावितलाई आफ्नो कुरा राख्ने बातावरण बनाएको छ त्यसलाई निर्नतरता दिने र अझ बढाएर महिलाको लैंगिक हिंसा न्यूनीकरण गर्दै अन्त्य गर्न पालिकाले सदैव सहकार्य गर्ने छ।

**सुनिता मैनाली, कार्यकारी निर्देशक, ओरेक**

- ईन्दु जीको सवालमा कार्यक्रमको दिगोपना र एक्जिट योजनाका सम्बन्धमा कार्यक्रमको परियोजना निर्माण गर्दा नै त्यसको दिगोपना तथा एक्जिट योजना समावेश गरिएको हुन्छ र स्थानीय सरकार तथा निकायसँग समन्वय गरेर मात्र कार्यक्रमबाट बाहिरिने गर्छ ओरेक। तथ्याङ्कको बारेमा पनि जवाफ दिइएको थियो। त्यसमा ओरेकले काम गरेको ठाउँमा अरु संस्थाको भन्दा हाम्रो कार्यक्रम ठूलो संरचनामा र सघन भएर पनि धेरै भएको होला र यदि कतै दोहोरो परेको रहेछ भने पनि हामी तथ्याङ्कको पुन:पुष्टि गरेर हेर्ने जवाफ दिइएको थियो। साथै ओरेकले काम गरेर फेजआउट भएका ठाउँबाट कुनै पनि प्रभावितले हाम्रो सहयोग माग्नु हुँदा हामी विना हिचकिचाहट उहाँहरुलाई सहयोग गर्दछौ। साथै दुवै जनाको सुझाव र सद्भावको लागि धन्यवाद।

**सोनिया परियार, कार्यपालिका सदस्य, तुलसीपुर उपमहानगरपालिका**

- स्थानीयस सरकारले लैंगिक हिंसा र महिला अधिकारको क्षेत्रमा सरकार्य गर्ने गरेको र यसले समुदायमा निकै राम्रो प्रभाव पारेको छ त्यसको लागि यसका संस्थापन अध्यक्ष डा रेणु अधिकारीलाई अन्यवाद दिन चाहन्छु। ओरेक नेपालले गरेका काम हेर्दै गर्दा ओरेकले गरेका हरेक काममा ढुक्कले विश्वास गर्दछौ र नगरपालिकाले पनि सहाहण गर्दछ र आगामी दिनमा पनि अझ धैरै सन्दर्भमा सहकार्य गर्नेछौ।

**सुरेश खतिवडा, शाखा अधिकृत, NDRRMA**

- विपद प्रतिकार्य र राहत वितरणमा समाजका बिपन्न तथा समाजका कमजोर वर्गलाई लक्षित गरेर ओरेकले पनि काम गरेको र महिला तथा सिमान्तकृत समुदायको क्षेत्रमा विपद प्रतिकार्यमा काम गरेको थाहा पाउँदा खुसी लागेको र यो महत्वपूर्ण कार्य हो । विपद जोखिम न्यूनीकरण र प्रतिकार्यमा NDRRMA र WOREC को सहकार्य हुने विश्वास लिएको छौं ।

**पद्मा चन्द, धनगढी उपमहानगरपालिका, महिला विकास शाखा**

- विगत १२/१३ वर्षदेखि ओरेक नेपालसँग सहकार्यमा काम गरिरहेको छौ । स्थानीय सरकारले नै महिला, बालबालिका तथा हिंसामा परेका महिलाको न्यायको लागि काम गर्दा हामीलाई अप्ठ्यरो परेको बेलामा यस क्षेत्रमा काम गर्ने संस्था ओरेक जस्तो साथमा हुँदा पालिकालाई बल प्रदान गर्दछ । हाम्रो सहकार्य निरन्तर रहेने विश्वास गर्दछु ।

**मुरारी खरेल, राष्ट्रिय मानव अधिकार आयोग**

- सामाजिक परीक्षणको प्रस्तुति सुने पछि यस संस्थाले सुशासन, पारदर्शिता कायम गरी  कार्यक्रमले समाजमा सकारात्मक र सफल प्रभाव पारेको पाइयो ।
- ओरेकले कुन कार्यक्रमहरु कुन कुन स्थानीय साझेदार वा स्थानीय सरकारसँग साझेदारितामा कार्यान्वयन गरेको भन्ने यस प्रतिवेदनमा आगामी दिनमा राख्नु हुन सुझाव दिन चाहन्छु र आगामी दिनमा यस प्रकारको प्रस्तुतिमा कार्यक्रमको प्रभावकारिता देखाउँदा अझ राम्रो हुने देखिन्छ ।

**सुनिता मैनाली**

- मुरारी खरेलजीका सुझाव तथा जिज्ञासामा जवाफ दिनु भएको र आगामी दिनमा सुझावले औंल्याएका क्षेत्रमा सुधार गर्ने बताउनु भएको थियो ।

**निर्मल नेपाली, सामजिक रुपान्तर तथा जातीय विभेद विरुद्धको अभियान्ता, दाङ**

- हिंसामा परेका महिलाको सुरक्षाको लागि स्थानीय निकायमा रहेका सुरक्षा निकायसँग समन्यव बढाउनु पर्यो । DNA परीक्षणाको लागि पैसा नभएर न्याय पाउन नसकेको Case मा पीडित महिलालाई न्याय दिलाउन DNA परीक्षण गर्न राज्यलाई जवाफदेही बनाउन पहल गर्नु पर्ने ।
- कानूनी र मनोसामाजिक परामर्शले हिंसामा परेका महिलाको लागि नभै नहुने भएको हुँदा त्यसको लागि स्थानीस सरकारको न्यायिक समितिमा नै कुनै एकाई खडा गरेर  सेवा प्रदान गर्नु पर्छ ।
- त्यसैगरी दलित तथा सिमान्तकृत समुदायको हितमा तथा विभेद र अन्यायमा परेका व्यक्तिको न्यायको लागि ओरेकको पहललाई विशेष धन्यवाद छ ।
- उहाँले भर्चुअल माध्यमबाट ६५/७० जना ६ वटा प्रदेशका विभिन्न पालिकाबाट प्रतिनिधित्व हुनु, विभिन्न जाती समुदायको प्रतिनिधित्व भएको र यसरी सहज तरिकाले खुल्ला छलफलको अवसर बनाउन सफल भएको हुँदा यो नेपाल कै पहिलो सामाजिक परीक्षण होला साथै यो एकदम सफल भएको छ,  भर्चुअलबाट गरिएको भन्ने धारणा राख्नु भयो ।

**विमल प्रकाश जोशी, जिसस, कैलाली**

- ओरेकको कामलाई जिविसको संरचना हुँदादेखि नै नजिकबाट हेरेको बताउनु भयो। स्थानीय तहमा कार्यरत महिला बालबालिका शाखा तथा सिमान्तकृत समुदायका विचमा समन्वयको कमी छ यस्तो अवस्थामा ओरेकले भर्चुअल माध्ययमबाट सामाजिक परीक्षणको जुन विधिद्वारा सबै निकाय र सरोकारवालालाई एकै प्लाटफर्ममा जोड्ने प्रयास गरेको छ आगामी दिनमा सामाजिक अभियानमा लागेका संघ संस्था र सरकारी निकायहरु समाज कल्याण परिषद, स्थानीय तहका सरकारका सम्बन्धित शाखाका प्रतिनिधि, प्रदेशका सामाजिक विकास मन्त्रालय, जिल्ला समन्वय समिति र संघीय सरकारका प्रतिनिधि, प्रहरी तथा स्थानीय प्रशासन र समन्वयकारी भूमिकामा रहेका निकायको प्रतिनिधित्व गरेर यस विषयमा बृहत्तर छलफल कार्यक्रम आयोजना गर्नु पर्ने बताउनु भयो। कैलाली जिल्ला समन्वय समितिमा पटक पटक परिवर्तन भइरहने नेतृत्वको कारणले पनि यसले राम्रो समन्वयकारी भूमिका खेल्न सकेको छैन। सेफहाउस सञ्चालनको लागि ओरेकले अझै समन्वयकारी भूमिका खेल्नु पर्ने आवश्यकता छ। जिससले पनि यस कार्यमा सहयोगी भूमिका खेल्ने बताउनु भयो।

**सुनिता मैनाली**

- कार्यकारी निर्देशकले माथि उठेका सवालमा सरोकारवालाले उठाउन भएका सवाल तथा सुझावहरुको सम्बोधन गर्ने बताउनु भयो। साथै सुरक्षावासको शुरुवात ओरेकले नै गरेको हुँदा यसमा काम गर्न ओरेक सधै तत्पर छ र अन्य सरोकारवालाको साथको अपेक्षा गर्दछ।

**बसन्ती राना, धनगढी उपमहानगरपालिका, ओरेक नेपाल नगर स्तरीय युवा सञ्जालबाट**

- ओरेकले धेरै काम गरेको छ तर यसले गरेका कामको बारेमा अझ धेरै भन्दा धेरै मानिस समक्ष पुर्याउनु पर्नेछ ताकी ओरेकले कसरी काम गर्छ र के के काम गर्छ भन्ने बारेमा धेरै जनाले थाहा पाएर समस्यामा परेकाहरुले सेवा लिन सकुन भन्ने धारणा राखेको।

**सिता शेर्पा राई, इटहरी सुनसरी**

- श्रमिक महिलाका सवालमा मुद्दा लड्दा खर्च लाग्ने अवस्थामा उनीहरुको न्यामा पहुँचको लागि निशूल्क कानीनी सहायता कसरी प्राप्त गर्न सकिन्छ? भन्ने सवाल राख्नु भयो।

**सुनिता मैनाली**

- उठेका सावालको जवाफ दिदै, ओरेकले जिल्लज जिल्लामा नै सामाजिक परीक्षण गर्ने गरेको र यसको केन्द्रिय कार्यालयबाट सार्वजनिक काम गरेको हो। यस कार्यक्रममा सहभागी तथा यस कार्य र प्रकृयामा सहयोग र योगदान दिने सम्पूर्ण व्यक्तित्वमा धन्यवाद ज्ञापन गर्नु भयो।

कार्यक्रममा उठेका सवालको सम्बोधन, धन्यावाद तथा कार्यक्रमको समापन

**ओरेकाका अध्यक्ष श्री सविता पोखरेल**

यस सामाजिक परीक्षणममा सहभागित जानाई महत्वपूर्ण सल्लाह तथा सुझाव दिने सरकारी तथा गैरसरकारी निकायका सरोकारवालाहरु, परामर्श कर्ताको तर्फबाट संस्थाको सम्पूर्ण पक्षको अध्ययन गरी प्रस्तुति र प्रतिवेदन तयार पार्ने सामाजिक परीक्षण कर्ता मिन बस्नेत, यस कार्यमा सहयोग तथा योगदान पुर्याउने संस्थाका सदस्य तथा कर्मचारो वर्ग, सहभागिता गर्नु हुने तथा महत्वपूर्ण सुझाव तथा प्रतिकृया राख्नु हुने व्यक्तित्वमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्नु भयो । साथै उठेका उचित सवालहरुमा ओरेकले आगामी दिनमा कार्यगोजना बनाई सामाजिक परीक्षणमा उठेका सवालको सम्बोधन कार्य योजना बनाई संस्थाको कार्य समितिबाट अनुमोदन गरी कार्यान्वयनमा जाने र सोको जानकारी सरोकारवालाहरुलाई पनि गराइने जानकारी दिनु भयो ।

## ३.७ सामाजिक परीक्षण प्रस्तुति माथि व्यक्त सुझावहरु

- ओरेकले संचालन गरिरहेका कार्यक्रम  अझै बढाउनु पर्यो ।
- विभिन्न समस्यामा परेका महिलाका लागि ओरेकले कानूनी सल्लाहकार र मनोसामाजिक परामर्शको सेवा अझै विस्तार गर्नु पर्यो ।
- महोत्तरीमा सुरक्षावासको अत्यन्त आवश्यक छ । अन्य स्थानका सुरक्षावासमा बेडको संस्ख्या बढाउनु पर्यो ।
- रोल्पाबाट – सामुदायिक प्रहरीको भनाई - बालविवाह बढेको छ त्यसको लागि काम गर्नु पर्यो ।
- डिजिटल हिंसा बढेको छ र महिलाको मानसिक स्वास्थ्य समस्या पनि बढेको छ, त्यसमा संस्थाले काम गर्नु पर्यो ।
- अहिलेको राजनीति परिवर्तन पछि खासगरी ग्रामिण भेगका युवाहरुमा थुप्रै भ्रमहरु पैदा भएका छन् । नवयुवा तथा Gen Z लक्षित राजनीतिक सचेतनामूलक कार्यक्रम चलाएर अबको राजनीति तथा समाजको परिवर्तनको सही दिशा के हो स्पष्टता गराउनु पर्यो ।
- कार्यक्रमहरुको दिगोपनाको लागि स्थानीय सरकार र राज्यका अन्य सरोकारवाला निकायको जवाफदेही अभिवृद्धिमा काम गर्नु पर्ने ।
- महिला, वालवालिका, हिंसा पीडित तथा विपन्न समुदाय लक्षित कार्यक्रमहरूमा अनुगमन र मूल्यांकन (M&E) निरन्तर सुधार गर्ने।
- स्थानीय तह, स्वास्थ्य सेवा संस्था, विद्यालय तथा सामुदायिक संस्थासँग नीति–व्यवहारिक समन्वय थप बलियो बनाउने।
- सेवाग्राही र लाभग्राहीको *फिडब्याक प्रणालीलाई औपचारिक* बनाउँदै, गुनासा व्यवस्थापनको समयसीमा तोक्ने।
- क्षमता विकास तालिममा सहभागी छनोट, आवश्यकता पहिचान, र परिणाम अनुगमनका मापदण्डहरू थप स्पष्ट बनाउने।

## ३.८ कार्यक्रमका समग्र उपलब्धीहरु

यो प्रतिवेदन अवधिमा ओरेकले महिला अधिकार, पर्यावरणीय न्याय, लोकतान्त्रिक अभ्यास, सामाजिक न्याय र संस्थागत सुदृढीकरणका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । यी उपलब्धिहरू नीति–पैरवी, समुदाय सशक्तीकरण, अनुसन्धान, सेवा प्रवाह र संस्थागत विकासका माध्यमबाट स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म प्रभाव पार्न सफल भएको  छ ।

### १. अन्तर्राष्ट्रिय मानव अधिकारका संयन्त्रको कार्यन्वयनका लागि पैरवी

प्रदेश स्तरीय परामर्श प्रक्रियाबाट संकलित तथ्य र सरोकारवालाका सुझावका आधारमा संयुक्त राष्ट्रसंघको विश्वव्यापी आवधिक समिक्षा (UPR) को चौथो चरणको प्रतिवेदन तयार गरी सफलतापूर्वक पेश गरिएको छ। साथै, CEDAW

छायाँ प्रतिवेदन मार्फत महिला हिंसाबाट प्रभावितको न्यायमा पहुँच, वैदेशिक रोजगारीमा रहेका महिला श्रमिकको अधिकार, घरेलु श्रमिकको सवाल, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन जस्ता मुद्दामा CEDAW समितिबाट महत्वपूर्ण सिफारिसहरू प्राप्त भएका छन् । यसले ओरेकको पैरवी कार्यलाई अन्तर्राष्ट्रिय मापदण्डसँग जोड्दै ठोस नीतिगत आधार प्रदान गरेको छ ।

### २. लोकतन्त्र र महिला अधिकारका लागि नीतिगत दबाब

गणतन्त्र दिवस २०८२ को अवसरमा ओरेक लगायत मानब अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको संयुक्त आयोजनामा सुरु गरिएको **"लोकतन्त्र र महिला अधिकारका लागि दबाव अभियान"** मार्फत संघीय लोकतान्त्रिक प्रणाली सुदृढ गर्न तथा संविधानप्रदत्त महिला अधिकारको संरक्षण, प्रवर्द्धन र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न राजनीतिक दल, सरकारी संयन्त्र र नागरिक समाजलाई उत्तरदायी बनाउने दबाब सिर्जना गरेको छ ।

### ३. नीतिगत पैरवी

निःसन्तानपनसम्बन्धी ओरेकको अनुसन्धान, तथ्याङ्क संकलन र नीतिगत बहसका कारण यो विषय स्थानीयदेखि संघीय तहसम्म प्राथमिकतामा पर्न सफल भएको छ। यसको प्रत्यक्ष उपलब्धिका रूपमा संघीय राजधानी बाहिर पहिलो पटक कोशी अस्पतालमा Intra Uterine Insemination (IUI) सेवा सुरु भएको छ, जसले महिला तथा पछाडि पारिएका परिवारहरूको प्रजनन स्वास्थ्य सेवामा पहुँच विस्तार गरेको छ ।

### ४. समुदाय सशक्तीकरण र स्थानीय तहमा नीतिगत प्रभाव

ओरेकको सहजीकरणमा गठन भएका युवा, महिला समूह र सञ्जालमार्फत यस वर्ष मात्रै ५०० भन्दा बढी महिलाहरू संगठित भएका छन् । यसले महिला तथा पछाडि पारिएका समुदायका सवालहरू सामूहिक रूपमा उठान गर्न, स्थानीय तहमा बजेट पहुँच सुनिश्चित गर्न, लैङ्गिक हिंसा निवारण कोष उपयोग गर्न तथा कृषि लगायतका क्षेत्रमा महिलाको पहिचान स्थापित गर्न आधार निर्माण गरेको छ ।

### ६. सुरक्षित स्थल निर्माण

उदयपुरमा स्थापना गरिएको "ओजसः मनको कुरा खोल्ने सुरक्षित स्थल" मार्फत महिला, किशोरी तथा पछाडि पारिएका समुदायका सदस्यहरूलाई अनुभव साझा गर्ने सुरक्षित स्थान उपलब्ध गराइएको छ। साथै, विपद् प्रतिकार्यमा स्नेह केन्द्र सञ्चालन, मनोविमर्श सेवा, सीपमूलक तालिम र बिउपूँजी सहयोगमार्फत मानसिक स्वास्थ्यलाई आधारभूत अधिकारका रूपमा स्थापित गर्दै समुदाय तहमा ओरेकप्रतिको विश्वास सुदृढ गरिएको छ ।

### ७. संस्थागत सुशासन, ज्ञान व्यवस्थापन र दृश्यता

ओरेकले पुस्तकालय व्यवस्थापनलाई प्रणालीगत बनाउँदै कोडिङ प्रणाली, डिजिटल सफ्टवेयर र वर्गीकरण प्रक्रिया लागू गरेको छ। नियमित अनुसन्धान, अन्वेषी वर्ष पुस्तक, नीति पत्र, प्रेस विज्ञप्ति, सामाजिक सञ्जाल, वेबसाइट सामग्री र अन्तर्राष्ट्रिय मिडियामार्फत संस्थाको दृश्यता स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म उल्लेखनीय रूपमा वृद्धि भएको छ।

### ८. प्रमाण–आधारित अनुसन्धान र पैरवी

बालविवाहसम्बन्धी जिल्ला अदालतका फैसलामाथि गरिएको अनुसन्धान सार्वजनिक गरी नीतिगत पैरवीका लागि आवश्यक तथ्याङ्क संकलन र दस्तावेजिकरण गरिएको छ। यसले महिला तथा बालअधिकारसम्बन्धी नीतिगत सुधारका लागि प्रमाण–आधारित बहसलाई थप मजबुत बनाएको छ .

समग्रमा, यी उपलब्धिहरूले ओरेकलाई महिला अधिकार, सामाजिक न्याय र लोकतान्त्रिक अभ्यास प्रवर्द्धन गर्ने विश्वसनीय नागरिक समाज संस्थाको रूपमा सुदृढ बनाएको छ र आगामी दिनमा अझ प्रभावकारी हस्तक्षेपका लागि बलियो आधार तयार गरेको छ।

## ३.८ चुनौतीहरु

- जेन जेड आन्दोलन पछि विस्थापित प्रहरी कार्यलय र कति न्यायलयको काममा असर परेको भार हिंसा प्रभावित महिलामा परेको छ त्यो अझै कायम रहेको हुनाले पिडीतले छिटोछरितो न्याय पाउने सवालमा समास्या देखिएको ।
- सुरक्षावासलाई सहयोग जुटाउन अझ कठिन भएको र यसको लागि दिगो व्यवस्थापनमा सबै सरोकारवालाको साझा प्रयासमा चुनौती देखिन्छ ।
- OCMC लाई अझै लामो समयसम्म सहयोगको आवश्यकता रहेको र यसको दिगो व्यवस्थापनमा समस्या कायम नै रहेको ।
- विश्वव्यापी रुपमा आर्थिक सहयोग कम हुँदै गएको ।
- नेपालमा लोकतन्त्रको चुनौती महिला अधिकार सुनिश्चिताको लागि पनि चुनौती बढेको ।
- Gen Z आन्दोलन पछि महिला र सीमान्तकृत समुदायका सवाल सिमान्तीकरणमा पर्छन् कि भन्ने चिन्ता बढेको ।
- राजनीतिक अस्थिरता र निर्वाचनको अवस्थामा महिला माथिका हिंसा बढ्ने सम्भावना ।
- भौगोलिक पहुँच, यातायात र जनशक्तिको सीमितताले गर्दा दुर्गम क्षेत्रमा सेवा पहुँच कम हुनु ।
- लैंगिक हिंसा, मानव बेचबिखन, मनोसामाजिक समस्या आदिमा पीडितको पहिचान, गोपनीयता र कानुनी पहुँच चुनौतीपूर्ण हुनु ।
- स्रोत–साधन र वित्तीय व्यवस्थापनमा आवश्यकता र उपलब्धता बीचको अन्तर देखिनु ।
- समुदायमा विद्यमान रूढीवादी धारणाहरू र सामाजिक कलंकका कारण संवेदनशील मुद्दामा हस्तक्षेप तथा प्रत्यक्ष सहयोगमा अवरोध ।


## ३.९ आ.व. २०८१/८२ को आर्थिक तथा प्रशासनिक प्रतिवेदन

**परियोजनाको संक्षिप्त परिचय**

| क्र स | परियोजनाको नाम | दातृ निकाय | परियोजना बजेट |
|---|---|---|---|
| १ | हाम्रो साहस (सामाजिक मान्यता परिवर्तनका लागि महिलावादी आन्दोलन निर्माण) | युएन वुमन (UN Women) | |
| २ | लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहकहरुलाई समस्टिगत क्षमता विकासमा सहजीकरण | युएन वुमन (UN Women) | |
| ३ | हाम्रो सम्मान दोस्रो चरण | विनरक (WINCROCK) | |
| ४ | मिलाप | सम्भव नेपाल (Possible Nepal) | |
| ५ | लैंगिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य कार्यक्रम | यु. एन. फ. पी. ए | |
| ६ | यौनिक तथा लैंगिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम | एल. डब्लु. एफ | |
| ७ | महिला तथा बालिकामाथि हुने लैंगिक विभेदमा आधारित हिंसाको रोकथाम र प्रतिकार्य कार्यक्रम | डब्लु. डब्लु. डी. पी. जर्मनी | |
| ८ | मानविय संकटमा महिलाको आवाज र नेतृत्व सबलिकरण स्नेह | केयर, युएसए | |
| ९ | नेपालका मानव अधिकार रक्षकहरुका लागि समष्टिगत सुरक्षा क्षमता अभिवृद्धि परियोजना | फोरम एशिया | |
| १० | अग्निप्रभावित परिवारहरूलाई संरक्षण सहायता | एफ. सी. ए.नेपाल | |
| ११ | महिलावादी सहभागितामूलक कार्यात्मक अनुसन्धान यौन तथा प्रजनन स्वास्थ्य अधिकारको दृस्टीकोणबाट निसंतानपनाको बुझाई, सहायक प्रजननमा नीतिगत अवरोधहरूको बिश्लेशन | सी. आर. आर | |
| १२ | ज्ञान निर्माण तथा रुपान्तरित कार्य द्वारा न्यायमा पहुँच अभिबृद्धी-शक्ति | फोनडेसन् चानेल, बेलायत | |
| | | | |


# वार्षिक आय व्यय

| | |
|---|---|
| कुल स्वीकृत बजेट: | १३,१८,२०,१८२.५५ |
| कुल खर्च: | १०,९६,५८,५०६.२० |
| बाकी बजेट | **२,२१,६१,६७६.३५** |




**कुल क्षेत्रगत खर्च:**

- **कुल क्षेत्रगत खर्च:**
- कार्यक्रम खर्च ९,४६,८१,५७३.९६ (८९%)
- प्रशानिक खर्च १,४९,७६,९३२.२४ (११%)
- **कुल खर्च १०,९६,५८,५०६.२०**




**संस्थागत आर्थिक नीति**

- संस्थागत आर्थिक नीति तथा प्रशासनिक नियमावली अनुसार आर्थिक कारोबार गरिन्छ ।
- दोहोरो स्रेस्ता प्रणाली अनुसार खाता प्रविष्ट गरिन्छ ।
- बिक्रेता छनौट गर्दा कम्तीमा ३ वटा कोटेशनबाट गरिन्छ ।
- दश लाख भन्दा माथिको खरिद प्रक्रियामा खुल्ला आह्वान मार्फत गरिन्छ ।
- आर्थिक प्रतिवेदन मासिक रुपमा बुझाइन्छ ।
- नियमित रुपमा र आवश्यकता अनुसार फिल्ड अनुगमन तथा अवलोकन गरिन्छ ।
- रु ५,००० भन्दा माथिका कारोबार चेक मार्फत भुक्तानी गरिन्छ ।

**प्रशासनिक तथा कानूनी दायित्व**

**ओरेकले यस सामाजिक परीक्षण अवधिसम्म सबै प्रकारका कानूनी तथा प्रशासनिक दायित्वहरु पूरा गरेको छ ।**

- संस्था नविकरण, समाज कल्याण परिषदमा आवद्धता अध्यावधिक, करचुकता प्रमाणपत्र आदि भएको छ ।
- वार्षिक लेखा परीक्षण प्रतिवेदन तयारी र दातृ निकायबाट हुने परियोजनागत लेखा परीक्षण ।
- वार्षिक रुपमा श्रम अडिट र लैंगिक परीक्षण हुने गरेको ।
- विभिन्न आन्तरिक प्रशासनिक तथा क्षेत्रगत नियमावलीहरु निर्माण र कार्यान्वयन भएका छन् । यसमा आर्थिक प्रशासन नियमावली, कर्मचारी नियमावली, कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार विरुद्धको नियमावली, समुदायको

सुझाव संकलन तथा प्रतिकार्य संयन्त्र, आपाङ्गता तथा सामाजिक विभेद विरुद्धको नीति, बालबालिका संरक्षण र जेष्ठ नागरिक सम्बन्धी नियमावली र मनी लौन्ड्री तथा एन्टिटेरोरिजम सम्बन्धी नीति अवलम्बन गरिएको पाइएको छ।

## ३.१० कार्यक्रममा सिकाईहरु

### भर्चुअल माध्यमबाट सामाजिक परीक्षणको प्रस्तुति र सार्वजनिकरणका सिकाइहरू

१. पहुँच र सहभागितामा सुधार

- भौगोलिक दुरी, समय र यात्रा खर्चको चुनौती हट्दा पहाड, तराई, सहर–बजार र दुर्गम सबै स्थानका सरोकारवालाले सजिलै सहभागी हुन सकेको।
- महिला, अपाङ्गता भएका व्यक्ति, घरेलु कामकाजमा व्यस्त व्यक्तिहरू, सरकारी/गैरसरकारी पदाधिकारी, विद्यार्थी आदिको सहभागिताको दायरा बढ्ने।
- आगामी दिनमा विदेशमा बसेका/काम गरिरहेकाले समेत अनुभव र प्रतिकृया सजिलै दिन पाउने, जसले संवादको दायरा विस्तार गर्न सक्ने देखिन्छ।

२. सूचना संकलन विधिमा नवप्रयोग र दस्तावेजीकरण सहज

- रेकर्ड, स्क्रिन–सट, च्याटबक्स, पोलिङ टुल, Google Form/Survey Tool को उपयोगले तथ्य र धारणा दस्तावेजीकरण सजिलो हुने।
- प्रतिवेदन तयार गर्दा डेटा, आवाज/भिडियो, सामुदायिक टिप्पणी तुरुन्तै डेटाबेस मा राख्न सकिने भयो।
- भर्चुअल विधिले समयमै प्रमाण–आधारित प्रतिवेदन तयार गर्न सहयोग गर्ने।

३. लागत, समय र स्रोतको कुशलता

- यात्रा, हल तथा टेण्ट/साउन्ड सिस्टम, बैठक व्यवस्थापन, आवास, भत्ता इत्यादिमा लाग्ने ठूलो खर्च बचत हुने।
- चाँडो बैठक बोलाउन, प्राविधिक/कानूनी/कार्यक्रमिक व्यक्ति एउटै प्लेटफर्ममा ल्याएर समन्वयलाई प्रभावकारी बनाउन सकिने।
- दैनिक काम चलिरहेकै अवस्थामा सरोकारवालाले सहभागी भएर कार्य रोकावट कम हुने।

४. पारदर्शिता र जवाफदेहितामा सकारात्मक अभ्यास

- प्रस्तुतिकरणकै समयमा सजिलै प्रतिकृया, प्रश्न–उत्तर र सुझाव संकलन गर्न सकिने।
- भर्चुअल प्लाटफर्ममा सबै सामग्री देखिने भएकाले सूचना पहुँच र पारदर्शिता बढ्यो।
- आवाज/भिडियो रेकर्डले भविष्यमा अनुगमन र प्रमाणसहित फोलोअप गर्न सहज भयो।

## ५. चुनौती र सुधारका आधारमा विकास भएको सिकाइ

- इन्टरनेट, उपकरण अभाव र डिजिटल माध्यमको प्रयोग गर्ने सीपमा असमानताले समान पहुँचको चुनौती देखियो।
- संवेदनशील मुद्दा (हिंसा प्रभावित, मानव अधिकार, मनोसामाजिक अवस्था) मा गोपनीयता र विश्वासको आयाम बढी ध्यान दिनुपर्ने।
- सबैले बोल्न नपाउने, च्याट/अनलाइन हात उठाउने प्रणाली नजान्ने आदि व्यवहारिक पक्षमा डिजिटल मार्गदर्शन आवश्यक देखियो।
- आगामी वर्षदेखि हाइब्रिड मोडेल भर्चुअल र भौतिक तथा भौगोलिक सहजिकरणलाई पनि समावेश गर्दा अझ उपयुक्त हुने देखिन्छ।

## ६. नेपालको सामाजिक परीक्षण अभ्यासमा नयाँ सम्भावना

- भर्चुअल माध्यममा अध्ययन प्रतिवेदन/रिपोर्टको सार्वजनिकरणको काममा प्रभावकारी हुने अनुभूति भउको छ ।
- भविष्यमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, बजेट विश्लेषण, नागरिक निगरानी, साझा उत्तरदायित्वजस्ता अभ्यासलाई डिजिटल लोकतन्त्र (Digital Accountability Practice) तर्फ उन्मुख गर्ने आधार बनेको छ।
- यसले सामाजिक परीक्षणको मानक (Standard Operating Procedure - SOP) मा नयाँ अध्याय थप्ने सम्भावना देखायो।

# निष्कर्ष

पहिलो पटक ६ प्रदेशका सरोकारवालासँग भर्चुअल सामाजिक परीक्षण गर्दै प्रतिवेदन सार्वजनिक गर्नु नेपाली संदर्भमा सामाजिक उत्तरदायिता अभ्यासको नयाँ मोडेल बनेको छ। यसले भविष्यमा पनि डिजिटल पहुँच, समावेशी सहभागिता, पारदर्शिता र स्रोत उपयोगको प्रभावकारीता बढाउँछ भन्ने सिकाइ भएको छ। यसलाई कामका अन्य क्षेत्रमा पनि भरपुर उपयोग गर्नु उपयुक्त हुनेछ।

## ३.११ सुझाव कार्यान्वयन कार्ययोजना


ओरेक नेपालका कार्यकारी निर्देशकले सामाजिक परीक्षणको क्रममा प्राप्त भएका सुझावहरुलाई अध्ययन गरी ओरेकले ती सुझावहरु कुन हदसम्म कार्यान्वयन गर्न सक्ने हो क्षमता विश्लेषणको आधारमा कार्ययोजना बनाइने र उक्त कार्ययोजना कार्यसमितिबाट अनुमोदन भए पछि कार्यान्वयनमा जाने छ भन्ने जानकारी गराउनु भएको छ।


## सन्दर्भ सामाग्रीहरु


१. एआईएन, २०१० सन्। सामाजिक परीक्षण निर्नेशिका, काठमाण्डौ।
२. ओरेक, २०७९। वार्षिक प्रतिवेदन आ.व.२०७८/७९, ओरेक नेपाल, बालकुमारी, ललितपुर नेपाल।
३. ओरेक, २०८०। वार्षिक प्रतिवेदन आ.व.२०७९/८०, ओरेक नेपाल, बालकुमारी, ललितपुर नेपाल।
४. ओरेक, २०८०। वार्षिक लेखापरीक्षण प्रतिवेदन आ.व.२०७९/८०, ओरेक नेपाल, बालकुमारी, ललितपुर नेपाल।
५. ओरेक, २०८०। अन्वेषी, महिलामाथि हुने हिंसाको यथार्थता, ओरेक नेपाल, बालकुमारी, ललितपुर नेपाल।

# अनुसूची खण्ड

## अनुसूची १ : सामाजिक परीक्षण प्रस्तुति कार्यक्रमको फोटोहरु



पौष २०८२

सामाजिक परीक्षक : मिन बहादुर बस्नेत

महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपाल
बालकुमारी, ललितपुर, नेपाल
फोन : ९७७-०१-५१८६०७३, ५१८६३७४
हटलाइन नं : १६६००१७८९१०

WOREC